स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ७, संख्याः३, असार ११ गते, २०८० साल**

**भाग-१**

## सरुमारानी गाउँपालिका

## सरूमारानी गाउँपालिकाको स्वास्थ्य नीति, २०८०

स्वीकृत मितिः २०८०।०३।१०

प्रमाणिकरण मितिः२०८०।०३।११

**प्रस्तावनाः**

नेपालको संविधानले जनस्वास्थ्यको अधिकारलाई नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेकोछ । संविधानले दिशानिर्देशन गरे बमोजिम यस गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-२ वमोजिम सरुमारानी गाउँपालिकाको तेहौ गाउँसभाले **सरूमारानी गाउँपालिकाको स्वास्थ्य नीति, २०८०** बनाएकोछ ।

## १. पृष्ठभूमि

नेपालको संबिधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जनस्वास्थ्य ऐन २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ ले नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा सरूमारानी गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य, पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा सुशासन सहित गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नु सरूमारानी गाउँपालिकाको दायित्व हो । स्वास्थ्य क्षेत्रको विकास नै समग्र विकासको आधार भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ । मानव विकास सूचकाङ्कमा सुधार ल्याई पालिकाको समग्र विकासका लागि गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न गाउँपालिकाले आवश्यकता महसुस गरेको छ । स्वास्थ्य र विकास अन्तर सम्बन्धित भएकोले गरीब, दुरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चितीकरणमा परेको समुदायलाई सेवाको मूलप्रवाहिकरणमा ल्याई मानव विकास सूचकाङ्कमा सुधार ल्याउन आवश्यक छ ।

कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी बिपद् व्यवस्थापन तत्काल गर्नु, गाउँपालिका भित्र हुने नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बिद्यमान रहेको सर्ने रोगको व्याप्तता तथा बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस गाउँपालिकाले जिम्मेवारी बोध गरेको छ ।

आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवामा गाउँपालिकावासीहरुको समान पहुँच स्थापित गर्ने सँगै संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सामना गरेर गाउँपालिकाबासीको स्वास्थ्य प्रवर्धन, रोगहरुको रोकथाम, उपचार तथा पुनःस्थापना गर्न **सरूमारानी गाउँपालिका स्वास्थ्य नीति**, **२०८०** लागु गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु

वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन बाङ्गेसाल, हंसपुर र ढुङ्गेगढि गाउँ विकास समितीहरूमा उप-स्वास्थ्य चौकी स्थापना भए सँगै एलोप्याथिक उपचार पद्धतिमा पाइला चालेको सरूमारानी गाउँपालिकाले उप-स्वाथ्य चौकी, इलाका स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप तत्कालिन साविक गाउँ विकास समितीहरु तथा हालका वडाहरुमा स्वास्थ्य सेवा विस्तार गरेको हो । साथै स्वास्थ्य संस्था स्तरोन्नति हुने क्रममा सवै उप-स्वास्थ्य चौकीहरु स्वास्थ्य चौकीमा स्तरोन्नती भई सेवालाई थप विस्तार गर्दै लगिएको थियो । साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ३४ जना, गाउँघर क्लिनिक १४ वटा र खोप क्लिनिक २४ वटा साथै स्थानीय तह स्थापना पश्चात स्थापना भएका २ वटा गरि ५ वटा बर्थिङ सेन्टर निरन्तरता तथा व्यवस्थित गरिएको, सरूमारानी गाउँपालिका वडा नं. २, ४ र ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र ३, र वडा नं. २, ४ र ६ मा गरी ३ वटा सामुदायिक स्वास्थ्य ईकाइ, बाङ्गेसाल, हंसपुर र ढुङ्गेगढि र स्वास्थ्य चौकीमा ल्यावसेवा बाङ्गेसाल स्वास्थ्य चौकीमा मेडिकल अधिकृत सहितको चिकित्सकिय स्वास्थ्य सेवा, समय समयमा विशेषज्ञ स्वास्थ्य शिविर, मासिक रूपमा नियमित आयुर्वेद स्वास्थ्य शिविरबाट समेत स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ ।

स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै नेपालको सम्बिधानले निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप यस सरूमारानी गाउँपालिकाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा सुरु गरी गाउँपालिकाबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । संघीयता कार्यान्वयनका क्रममा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु र दुरदराजका जन समुदायहरुमा स्वास्थ्य सेवा पहुँचको लागी सहज तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सामुदायिक स्वास्थ्य ईकाइ स्थापना भई सञ्चालनमा आएका छन् । यस गाउँपालिकाले गरिब, अल्पसङ्ख्यक, पिछडिएका सिमान्तकृत, लक्षित वर्ग, उमेर समुह, शारीरिक तथा मानसिक रुपमा असक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै आएको छ ।

गाउँपालिकाबासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संस्थागत तथा संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण तथा कार्यन्वयन गर्न आवश्यक धरातल र बैधानिकता सहित गाउँपालिकाले स्वास्थ्य क्षेत्रको बस्तुस्थिति समेत झल्कने गरी गाउँपालिका प्रोफाइल समेत तयार गरेको छ । स्थानीय आवश्यकताका आधारमा सरूमारानी गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा समानीकरण

-

अनुदान अन्तर्गतको रकम विनियोजन गरी प्रभावकारी कामहरु सम्पन्न गरिरहेको छ । गाउँपालिकाले यस क्षेत्रमा बसोबास गर्ने नागरिकको स्वास्थ्य क्षेत्रमा सर्बसुलभ तथा गुणस्तरीय सेवाको पहुँच स्थापित गर्न समय समयमा विशेषज्ञ स्वास्थ्य शिविर, मासिक रूपमा नियमित आयुर्वेद स्वास्थ्य शिविर, जेष्ठ नागरिकहरुलाई घरघरमा गई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने, समेत स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । सबै वडामा आधारभू स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाइहरुको स्थापना, राष्ट्रिय कार्यक्रमहरु जस्तैः नियमित खोप तथा गाउँघर क्लिनिक सञ्चालन, पूर्ण खोपयुक्त गाउँपालिका घोषणा, बर्थिङ सेन्टरहरुको स्थापना तथा सञ्चालन, पूर्ण संस्थागत प्रसुतिको लागि बर्थिङ सेन्टर तथा अस्पतालमा प्रशुती हुने आमाहरूलाई सुत्केरी पोषण सहायता स्थानिय स्तरमा उत्पादित अण्डा तथा नगद, बर्थिङ सेन्टरबाट प्रशुती तथा प्रशुति पछिको आमा र नवजात शिशुको जटिलता पश्चात एम्वुलेन्स यातायात खर्च सहितको प्रेषण सेवा, महामारी नियन्त्रण तथा खोप अभियान सञ्चालन, ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम, परिवार योजना सेटलाइट क्लिनिक सञ्चालन, स्तनपान कक्षको स्थापना, पोषण सम्बन्धी प्रभावकारी कार्यक्रम सञ्चालन, सर्ने तथा नसर्ने रोगको उपचारको लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, विपन्न नागरिक तथा दिर्घरोगीहरुलाई उपचार सहायता, बाङ्गेसाल स्वास्थ्य चौकीबाट नियमित चिकित्सकिय स्वास्थ्य सेवा, ३ वटा स्वास्थ्य चौकीबाट ल्याव सेवा, कोभिड महामारीको समयमा बिभिन्न क्वारेन्टाइन र ५ वेडको कोभिड अस्थायी अस्पताल सञ्चालन, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी (WASH) योजना निर्माण, तथा आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरूको भौतिक संरचना निर्माण तथा औषधि र औजार उपकरणको व्यवस्थापन जस्ता कार्यहरु सञ्चालन गर्दै आइएको छ । आगामी दिनहरुमा यस्ता कार्यक्रमहरुमा थप प्रभावकारीता, दिगोपना तथा सर्वव्यापी पहुँच पुर्‍याउनका लागि नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यकता महसुस गरिएको छ ।

**३. गाउँपालिकाको वर्तमान अवस्थाः**

प्युठान जिल्लाको कुल जनसंख्यामा करीब १० % जनसंख्या बसोबास गर्ने यस गाउँपालिकामा ३३ % भन्दा बढी जनसंख्या जनजातिको रहेको छ । यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ३ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ सामुदायिक स्वास्थ्य ईकाइ १४ गाँउघर क्लिनिक, २४ खोप क्लिनिक, ३४ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रहेका छन् । यस गाउँपालिका अन्तर्गत १ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका अस्थायी साधन, ५ वटा स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूति सेवा, ३ वटा स्वास्थ्य संस्थाबाट १० हप्ता सम्मबो लागि मेडिकल गर्भपतन सेवा उपलब्ध छ र बाङ्गेसाल स्वास्थ्य चौकीबाट अति शिघ्र कुपोषित (SAM) बालबालिकाको उपचारको लागि बहिरङ्ग उपचार सेवा केन्द्र प्रदान गरिदै आएको छ । यस्तै गरी यस पालिका भित्र विभिन्न किसिमका निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले समेत सेवा प्रदान गर्दै आएका छन । आ.व. २०७८।७९ को स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार यस गाउँपालिकामा गाउँपालिकाको जनसङ्ख्याको आधारमा औषतमा १.१७ पटक बिरामीहरूले बहिरंग सेवा लिएका थिए । यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा ३० जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । स्वास्थ्यकर्मी र जनसङ्ख्याको अनुपात हेर्दा १२३० जनसङ्ख्यालाई १ जना प्यारामेडिक्स, १२३० जनसङ्ख्यालाई १ जना नर्सिङ्ग, १२३० जनसङ्ख्यालाई १ जना ल्याव कर्मचारी, १२३० जनसङ्ख्यालाई १ जना मेडिकल अधिकृत तथा ५१० जनसङ्ख्यालाई १ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हुन आउँछ । त्यस्तै यस पालिकामा बालविवाह, किशोरावस्थामा गरिने विवाह तथा कम उमेरमा गर्भवती हुने सङ्ख्या पनि उच्च रहेको छ ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छः

| सि.नं. | सूचकहरु | राष्ट्रिय तथ्याङ्क | प्रादेशिक तथ्याङ्क | सरूमारानी गाउँपालिकाको तथ्याङ्क | | | दिगो विकास लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | | |
| १ | प्रथमपटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत (कुनै पनि समय) | | ९४ | ८४.८ | ९२।५ | ८०।४ | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भ जाँच गराउने महिलाको प्रतिशत | | ८० | ६४।२ | ७३ | ५७।३ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | | ५४ | ५२।३ | ६२।८ | ४६।४ | ९० | |
| ४ | परिवार योजनाका आधुनिक साधनहरुको प्रयोग दर (१५-४९ वर्षका महिला) प्रतिशत | | १२ | १९।३ | २२।२ | २१।४ | ६० | |
| ५ | संस्थागत प्रसूतिको प्रतिशत | | ९४ | ५९।७ | ६९।३ | ५५ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरुको प्रतिशत (पूर्ण खोप) | | ९९.०० | ९० | ९९ | ८०।३ | १०० | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको कम तौल प्रतिशत | | ३.४ | १।५ | ३।१ | ४।२ | ० | |
| ८ | दक्ष प्रसूतिकर्मीहरु द्वारा सुत्केरी गराउने प्रतिशत | | ९४ | ५७।२ | ६५।२ | ४२।७ | ९० | |

गाउँपालिकामा पछिल्लो समयमा विभिन्न नसर्ने रोगहरुको प्रकोप बढ्दो छ । साथै महिलाहरुमा पाठेघर खस्ने समस्या, क्षयरोग, एच.आई.भी. सङ्क्रमितहरुको संख्या उल्लेख्य देखिन्छ गाउँपालिका मातहतमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष
जनशक्ति, औजार तथा उपकरण र औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ । एकीकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सन्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्नु जरुरी छ माथिका प्रायः सूचकहरुमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको भएतापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा स्वास्थ्यको गुणस्तर, पहुँच र उपभोगमा वृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाह गर्नका लागि गाउँपालिकाले थप कार्य गर्न आवश्यक देखिएको छ ।

## ४. गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसरहरु

.

### ४.१ समस्याहरूः

- नेपालको संबिधानले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र विकास गरी पहुँच वृद्धि गर्ने कार्य सरूमारानी  गाउँपालिकाको परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- गाउँपालिका भित्र अझै पनि सवै तह, वर्ग र क्षेत्रका समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।
- कुनै कुनै  स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै प्रयाप्त औषधि उपकरण पुर्याउन र  दुरदराजमा बसोबास गर्ने नागरिकलाई समुचित रुपमा  औषधी उपलब्ध गराउन र यसको नियमन गर्नु पनि चुनौतीपूर्ण छ ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सिर्जना हुन सकेको छैन  ।
- निजी क्षेत्रको सूचना एकीकृत गर्न नसक्नु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचना नहुनु, भण्डारण तथा बितरणको उपयुक्त व्यवस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रयाप्त वजेट र लगानी नपुग्नु जस्ता समस्याहरु विद्यमान छन् ।
- गाउँपालिका भित्र रहेका पिछडिएका, गरिव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महङ्गो भई परिवार नै आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसक्ने अवस्था  विद्यमान छ ।
- स्वास्थ्य विमा कार्यक्रममा सबै नागरिकको पहुँच पुर्याउन स्वास्थ्य विमाको लागि सेवा प्रदायक अस्पता नहुनु महत्वपूर्ण चुनौती विद्यमान रहेकोछ ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, पक्षघात, दिर्घ श्वासप्रस्वास सम्बन्धी रोग, दाँतको रोग, मानसिक रोगहरुको रोकथाम गर्नु जरुरी भएको छ ।
- गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण बेलाबखत गाउँपालिका भित्र झाडापखाला जन्य र ज्वरो  जन्य  महामारी फैलने गरेको छ ।
- भौगोलिक विकटता, उपर्युक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या सन्तोषजनक देखिए पनि घरमा

हुने सुत्केरीको संख्या पनि कतिपय वडामा उल्लेख्य रहेको छ । किशोरावस्थामै बच्चा जन्माउने तथा नवजात शिशु मृत्युको संख्या उल्लेख्य रहेको छ ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।जस्तैः अन्य स्थानीय तहहरुमा लागु भएको विद्यालय नर्स कार्यक्रम यस गाउँपालिकामा लागु हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- गाउँपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्धतीको सदुपयोग पनि सहि रुपामा हुन सकेको छैन ।
- गाउँपालिकावासीहरुलाई समुचित रुपमा औषधि उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतीपूर्ण छ ।
- गाउँपालिकावासीहरुको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता हुन सकेको छैन । गैर सरकारी क्षेत्रको लगानीलाई पारदर्शी, प्रभावकारी एवं थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- स्वास्थ्य कर्मीहरुको वृति विकासका साथै उत्प्रेरणा र प्रवृतिमा कमी, तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकीकृत सूचनाको सङ्कलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग हुन सकिरहेको छैन ।
- स्थानीय तहहरुमा स्वास्थ्यको अप्रर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै नागरिक वडापत्र, सामाजिक परीक्षण आदि प्रभावकारी रुपमा पालना नगरिनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी विचको वुझाइमा भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन नसक्नु जस्ता समस्याहरु विद्यमान रहेका छन् ।
- वैकल्पिक चिकित्साका साथै स्वास्थ्य प्रवर्धनका कार्यक्रमहरुमा आशातित प्रतिफल प्राप्त गर्न सकिएको छैन ।
- वातावरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित व्यवस्थापन गर्न तथा सडक दुर्घटना, बाढी, पहिरो, नदी कटान, आगलागि, वन्यजन्तुको आक्रमण, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यवस्थापन गर्न सकिएको छैन ।
- गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई विशेषज्ञ सेवाको पहुँचमा पुर्याउन उचित प्रेषणको व्यवस्थापन गर्न सकिएको छैन ।

- घरमै सुत्केरी हुने समस्या अझै विद्यमान रहेको छ । खोपको ड्रप आउट, क्षयरोगको निदान कम हुनु र डिफल्टर हुनुका साथै जलवायु परिवर्तन सँगै उपेक्षित उष्ण प्रदेशीय रोगहरुः मलेरिया, कालाजार, डेंगु जस्ता रोगहरु देखिनु ।

## ४.२. चुनौतीहरु

- स्वास्थ्य नै विकासको प्रमुख मुद्दाको रुपमा नेतृत्वतह तथा सरोकारवालाहरुमा साझा धारणा बन्न नसक्नु चुनौतीपूर्ण रहेको छ ।
- विभिन्न विषयगत, तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान वुझाई, व्यवहारमा सङ्घीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु यस पालिकाको स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।
- शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, भौगोलिक असहजता, भौतिक पूर्वाधार, सडक, विजुली, टेलिफोन, शुद्ध तथा प्रयाप्त खानेपानीको व्यवस्था कम भएकाले समुचित व्यवस्थापन गर्न चुनौतीपूर्ण छ ।
- निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारलाई स्थापित तथा कार्यन्वयन गर्न र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र विकास गरी पहुँच वृद्धि गर्ने कार्य गाउँपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- परम्परागत उपाचार पद्धति जस्तैःधामी झाँक्रीको अभ्यासलाई आधुनिक चिकित्सा पद्धतीको बाटो हिडाउनका लागि परम्परागत सोचका नागरिकहरुको विश्वास जित्न चुनौती छ ।
- दरबन्दी अनुसार दक्ष तथा स्थायी स्वास्थ्यकर्मीहरुको पदपूर्ती कमी हुनु ।
- सिमित तथा अप्रयाप्त स्रोत साधनको प्रयोग गरी संबिधान प्रदत्त आधारभूत स्वास्थ्य सेवा सवै जनतामा प्रदान गर्न कठिनाई ।
- भौगोलिक विकटताले गर्दा सेवाको उपलब्धता भएतापनि सेवाको उपभोगमा कमी रहेको छ । साथै प्रायाप्त स्रोतको कमी हुनु ।

## ४.३. अवसरहरूः

- संघ, प्रदेश तथा स्थानीय सरकारको उपलब्धता तथा स्वास्थ्य क्षेत्रको लगानीमा निरन्तरता हुने,
- नेपाल सरकारबाट सञ्चालित विभिन्न कार्यक्रमहरुः स्वास्थ्य विमा, विपन्न नागरिक सहायता कार्यक्रमको निरन्तरता हुने ,
- सहयोगी निकायहरुको उपल्बधताः विभिन्न निजी तथा गैरसरकारी संस्था परिचालनमा निरन्तरता हुने ।
- संविधान प्रदत्त हक अधिकारलाई मनन् गर्दै गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सकिने ,

- गाउँपालिका भित्र स्वास्थ्य  सेवाको समानुपातिक तथा न्यायोचित वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्न सकिने,
- एकीकृत स्वास्थ्य सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गर्न सकिनुका साथै स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि गर्न सकिने,
- राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्न सकिने,
- संविधान प्रदत्त एकल तथा साझा अधिकारका कार्य विस्तृतीकरण भई स्पष्ट रुपमा स्थानीय स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय तहमा रहनु ,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्वास्थ्य सेवालाई सबैको पहुँच तथा  गुणस्तर  बनाउने कुरामा जोड दिईएको अवस्था,
- राजनीतिक नेतृत्व तथा सर्वसाधारण नागरिकमा स्वास्थ्यको महत्वबारे जनचेतना बढ्दै गएको अवस्था ।

## ५. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरूः

### ५.१. औचित्य

केही दशक यता स्वास्थ्य क्षेत्रले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूको संस्थागत गर्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । गाउँपालिकाको प्राथामिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाले स्वास्थ्य नीति निर्माण गर्न अपरिहार्य छ ।

### ५.२. निर्देशक सिद्धान्त

माथि व्याख्या गरिएका समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही निर्देशक सिद्धान्त निर्माण गरी सोही आधारमा नीति तथा रणनीति तय गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा  गाउँपालिकाको स्वास्थ्य नीति, २०८० को कार्यान्वयन गरिनेछः

१. मौलिक अधिकारको रुपमा आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

३. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

४. तथ्यमा आधारित योजना, प्राप्त लगानी र कुशल व्यबस्थापन

५. स्वास्थ्य सेवामा नवीनता तथा सिर्जनशीलता

६. सुशासन, जवाफदेहीता र पेशागत आचरण प्रति प्रतिबद्धता

७. मौलिक तथा परम्परागत पद्धतीको संरक्षण र प्रवर्धनका साथै औषधिजन्य जडिवुटीको खोज तथा प्रबर्धन
८. स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनःस्थापना

**५.३ भावी सोच (Vison)**

सरूमारानी गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने छन ।

**५.४ ध्येय (Mission )**

संघ तथा प्रदेश सरकार, क्षेत्रगत सरोकारवाला, स्वास्थ्य सेवा प्रदायक र सेवाग्राही वीच समन्वय तथा रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**५.५ लक्ष्य (Goal)**

गाउँपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच वृद्धि गरी समतामुलक र न्यायसङ्गत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

**५.६. उद्देश्यहरू (Objectives)**

- गाउँपालिकाबासीलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने,
- गाउँपालिका मातहतका सबै स्वास्थ्यसंस्थाहरुबाट आवश्यक पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम र प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्धन र नियमन गर्ने ।
- स्वस्थ जीवनशैली प्रवर्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सिर्जना गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी निजी, बहुपक्षीय सहकार्य, साझेदारी तथा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने,

**६. नीतिहरु**

**सरूमारानी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतीलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छः**

६.१. सर्वव्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह  भएको सुनिश्चित गरिने छ,

६.२. गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिनेछ,

६.३. न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ,

६.४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाम मुखी बनाईनेछ,

६.५. नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्धन गरिने छ,

६.६. बाल स्वास्थ्य, खोप,  सुरक्षित मातृत्व, परिवार नियोजन, किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य लगायत जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुलाई प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ,

६.७. गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको गुणस्तर बिस्तार गर्न (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन) स्वास्थ्य उपकरण र पूर्वाधारको समुचित व्यवस्था मिलाईनेछ,

६.८. गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ,

६.९. स्थानीय आवश्यकता सम्बोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्धन गरिनेछ,

६.१०. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन  स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिने,

६.११. गाउँपालिकाबासीको, स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित वर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने  ब्यवस्था गरिने छ,

६.१२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालीन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवालाको समन्वयमा विशेष योजना बनाई स्वास्थ्य सेवा परिचालन गरिनेछ,

६.१३. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ,

६.१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहान, प्रवर्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ,

६.१५. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तीय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजी तथा गैरसरकारी क्षेत्रसंग साझेदारी गरिनेछ,

६.१६. गाउँपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्धक, पौष्टिक र रैथाने (स्थानीय स्तरमा उत्पादन हुने) खाद्य पदार्थ उत्पादन, उपभोग र पहुँचलाई वृद्धि गरिने छ,

६.१७. आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुष्त बनाउन आवश्यक कदम चालिनेछ,

## ७. नीति अन्तर्गत रणनीतिहरु

**नीति १. सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

१.१ यस गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ । भूगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार समायोजन तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

१.२ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिनेछ ।

१.३ समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायिक स्वास्थ्य प्रवर्धक, विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक, जस्ता मानव संसाधनको व्यवस्था साथै घुम्ती स्वास्थ्य शिविर र गाउँघर क्लिनिक जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाईनेछ ।

१.४ संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधि उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

१.५ गाउँपालिका र स्थानीय स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिने छ ।

१.६ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । गाउँपालिकामा सुचिकृत स्वास्थ्य संस्था तथा प्रसूति केन्द्ररुबाट चौबिसै घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

**नीति २. गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिनेछ ।**

२.१ गाउँपालिकामा १० शैयाको अस्पताल स्थापना गरी सञ्चालन गरिनेछ ।

२.२ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि स्थापना गरिएका सामुदायिक स्वास्थ्य ईकाइ, प्रसूति सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य प्रवर्धक मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.३ गाउँपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरुमा तथा दुर्गम ग्रामीण भेगमा प्रयोगशाला सेवा तथा अन्य निदानात्मक सेवा स्थापनाका साथै चिकित्सक तथा विशेषज्ञद्वारा घुम्ति स्वास्थ्य सेवा सञ्चालनमा ल्याइने छ ।

२.४ आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य, लगायत मानसिक रोग स्वास्थ्य सेवालाई क्रमशः विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

२.५ गर्भवती महिलाहरुको स्वास्थ्य उपचार सहजताका लागि ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रमलाई नियमित संचालन हुने गरी स्वास्थ्य संस्था स्तरसम्म पुर्याइनेछ ।

**नीति ३. न्यूनतम स्वास्थ्य सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधि, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्थापन गरिनेछ ।**

३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना, विकास तथा सुधार गरिनेछ । साथै खोप तथा गाउँघर क्लिनिक सञ्चालनको लागी न्यूनतम आवश्यक पुर्बाधार सहितको संरचना तयार गरिनेछ ।

३.२ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधी, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधी लगायत औषधी जन्य सामाग्रीहरु गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।

३.३ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी उपकरणहरूको सूची तयार गरी खरिद, आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

३.४ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

३.५ गाउँपालिकामा स्वास्थ्य जन्य सामग्रीको भण्डारण कक्ष, खोप तथा खोप जन्य सामाग्री भण्डारणको लागि वितरण कक्ष स्थापना गरिनेछ ।

**नीति ४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाम मुखी बनाईनेछ ।**

४.१ स्वास्थ्य प्रणालीलाई संघ तथा प्रदेशसंग सामनजस्यता हुने गरी स्वास्थ्य क्षेत्रमा सुशासन तथा आन्तरिक नियन्त्रणको लागि आवश्यक नियम, निर्देशिका वा कार्यविधि तयार गरी लागु गरिनेछ ।

४.२ स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइका साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गर्दै गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा सुशासन कायम राख्न आवश्यक पहल गरिनेछ ।

४.३ पालिका स्तरीय सामाजिक विकास समिति, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु तथा अन्य स्वास्थ्यसंग सम्बन्धित बिभिन्न समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि गरी सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

४.४ स्वास्थ्यसंग सम्बन्धित राष्ट्रिय र अंन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, दातृ निकायहरु तथा नीजी क्षेत्रलाई परिणाममुखी कार्य गर्नको लागि उत्पेरित गरिनेछ ।

**नीति ५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्धन गरिनेछ ।**

५.१ स्वास्थ्य प्रवर्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनरुथापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरिने छ ।

५.२ मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धी रोग, मष्तिस्क पक्षघात, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापन लागि, समयमा निदान र उपाचार, सचेतना, व्यवस्थापनलाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिने छ ।

५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।

५.४ लागूपदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ ।

**नीति ६ बाल स्वास्थ्य, खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य लगायत जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुलाई प्रतिकारात्मक, प्रवर्धनात्मक, निदानात्मक, उपचारात्मक तथा पुःनस्थापनात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइनेछ ।**

६.१ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिने छ ।

६.२ राष्ट्रिय तथा प्रादेशिक लक्ष्यअनुसार यस गाउँपालिकाका हरेक वडाहरुमा हाल सञ्चालित प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, बाल-स्वास्थ्य, जेष्ठ नागरिक तथा अपाङ्गतासंग सम्बन्धित कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ ।

६.३ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको आधारभूत अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।

६.४ विभिन्न वर्ग, जातजाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ ।

६.५ पूर्ण खोप दिगोपनाको सुनिश्चितता, पूर्ण गर्भ जाँच, पूर्ण संस्थागत प्रसुति र पूर्ण उत्तर प्रसुति जाँच वडा र गाउँपालिका घोषणा तथा सुनिश्चितता, पोषणमैत्री स्वास्थ्य संस्था घोषणा तथा सुनिश्चितता क्रमशः नियमित गरिनेछ ।

६.६ गुणस्तरीय यौन तथा प्रजनन् स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ । साथै सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ । लैङ्गिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

६.७ गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर-किशोरी मैत्री बनाइ प्रमाणीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाइनेछ ।

६.८ हरेक विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम, स्वस्थ विद्यालय वातावरण तथा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, प्रभाबकारी रुपमा सञ्चालन गरिनेछ ।

६.९ नवजात शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर, जस्ता महत्वपूर्ण सुचाङ्कहरुमा आधारित न्यूनीकरणका लक्ष्यहरु तय गरि आवधिक कार्ययोजना तयार गरी लागु गरिनेछ ।

६.१० स्थानीय स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई वृद्धि गर्दै सरसफाई प्रवर्धन, स्वस्थ व्यवहार प्रवर्धन तथा स्वास्थ्य प्रदर्शनीको रुपमा समेत बिस्तार गरिनेछ ।

६.११ प्रसूति केन्द्रहरुलाई रणनीतिक स्थानमा संचालनका लागि मानव स्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसूति केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नरको सुबिधा उपलब्ध गराइनेछ ।

६.१२ गर्भवती, सुत्केरी पोषण तथा स्याहार र जन्मदर्ता शिक्षा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६.१३ असी वर्ष उमेर पुगेका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका ब्यक्तिसंग "सरूमारानी स्वास्थ्य घरदैलो अभियान" सञ्चालन गरिनेछ ।

**नीति ७ गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको गुणस्तर बिस्तार गर्न (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

७.१ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउँदै लगिने छ । साथै सुरक्षित खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिनेछ ।

७.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन आवश्यकता अनुरुप सामुदायिक स्वास्थ्य ईकाई, प्रसूति सेवा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईनेछ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा विस्तार तथा व्यवस्थापन गरिनेछ ।

७.३ स्वास्थ्य सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो काम कर्तव्यप्रति थप जिम्मेवार बनाउनका लागि नतिजामुखी कार्य विवरण तयार गरी लागु गरिनेछ ।

७.४ गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, अभियान सुरुगरी क्रमागत रुपमा बिस्तार गरिनेछ ।

**नीति ८ गाउँपालिका भित्र उपलब्ध आयुर्वेदिक जडीबुटीको सदुपयोग गर्दै नागरिक आरोग्यकेन्द्र, आयुर्वेद औषधालय लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

८.१ आयुर्वेद एवं अन्य बैकल्पिक चिकित्सा पद्धतीलाई राष्ट्रिय स्वास्थ्य कार्यक्रमसंग एकीकृत गर्दै लगिनेछ ।

८.२ प्रदेश तथा संघसंगको समन्वयमा आधारभूत आयुर्वेद एवं वैकल्पिक चिकित्सा सेवा व्यवस्थित तथा निःशुल्क रुपमा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

८.३ प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ ।

८.४ गाउँपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा बृद्दि गर्दै व्यवसायिक गर्दै लगिनेछ । जडिवुटी पहिचान प्रसोधन र उपयोग सम्बन्धि आधारभुत तालिमको ब्यवस्थापन गर्दै लगिनेछ ।

**नीति ९ स्थानीय आवश्यकता सम्बोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्धन गरिनेछ ।**

९.१ विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई नियमित अद्यावधिक गर्दै उपलब्ध तथ्याङ्कहरुलाई आधिकारिक स्रोत मानी आवश्यक कार्ययोजनाको निर्माण गरिनेछ । गाउँपालिकाको वार्षिक स्वास्थ्य प्रतिवेदन तयार गरि प्रकाशन गरिनेछ ।

९.२ सबै  सरकारी स्वास्थ्य संस्थाहरुमा विद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरिनेछ र क्रमशः निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुलाई आबद्ध गर्दै लगिनेछ ।

९.३ तथ्याङ्कको वैद्यता, गुणस्तरीयता र विश्वसनियतता कायम राख्न अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणको प्रणालीलाई सवलीकृत गरिनेछ ।

९.४ गाउँपालिकामा विद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा ल्याउने तथा वार्षिक, आवाधिक योजना निर्माणका साथै मध्यकालीन खर्च संरचना तयार गरी समिक्षा गर्ने संस्कारको विकास गरिने छ ।

९.५ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकीकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

९.६ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

**नीति १० स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन  स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ ।**

१०.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी  बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ ।

१०.२ स्वास्थ्य क्षेत्रमा स्रोतको समुचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

१०.३ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण  गरी वैज्ञानिक आधारमा संङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

१०.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

१०.५ आवश्यकता अनुसार थप स्वास्थ्य जनशक्तिको परिचालन गरी तिनिहरुको क्षमता अभिवृद्धीका लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

१०.६ पालिका भित्र उत्कृष्ट काम गर्ने स्वास्थ्य संस्था तथा कर्मचारिहरु मध्येबाट नियमित रुपमा पुरस्कृत गरिनेछ ।

१०.७ महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी क्षमता अभिवृद्धि गर्दै स्वास्थ्यकर्मीहरुको उपस्थितिमा स्वास्थ्य आमा समूहहरुको क्षमता अभिवृद्धि  गरिनेछ ।

**नीति ११ गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित वर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

११.१ स्वास्थ्य बीमामा दायरा बढाई गाउँपालिकाका अधिकतम नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराइनेछ । साथै अति गरीब तथा असाहयका लागि क्रमशः अति गरिब, विपन्न, पिछडिएका तथा सिमान्तकृत समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

११.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रम तथा सेवालाई थप प्रभावकारी बनाउदै लगिनेछ । साथै गाउँपालिकाको आफ्नै आधारभूत अस्पतालबाट विमितहरुलाई सेवा सुनिश्चित गरिनेछ ।

**नीति १२ सरुवारोग, सङ्क्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालीन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवालाको समन्वयमा विशेष योजना बनाइ स्वास्थ्य सेवा परिचालन गरिनेछ ।**

१२.१ सङ्क्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२.२ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु सञ्चालन गरिनेछ । क्षयरोग, कुष्ठरोग, HIV/AIDS जस्ता संक्रामक रोगहरुको रोकथाम नियन्त्रण निवारण र उन्मुलनको लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२.३ रेबिज, सर्पदंश लगायतका पशुपंन्छीजन्य र किटजन्य रोगहरु जस्तैः मलेरिया, डेङ्गु, हात्तीपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको प्रभावका आधारमा रोकथाम, नियन्त्रण र उपचारको लागि योजना बनाई सेवा बिस्तार गरिनेछ ।

१२.४ खोपबाट रोकथाम गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्यलाई निरन्तरता दिइनेछ ।

१२.५ माहामारी जन्य सूचीकृत रोगहरुको सुचना सङ्कलन तथा सुचीत गरि व्यवस्थापनको योजना तय गरिने छ ।

१२.६ गाउँपालिकाको आपतकालीन तथा स्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

१२.७ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र गाउँपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीहरू मौज्दातको रूपमा राखिनेछ ।

१२.८ गाउँपालिका तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसंग समन्वय गर्दै आवश्यकताअनुसार परिचालन गरिनेछ । बिपद् व्यवस्थापन, जोखिम न्युनिकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सक्रिय सहभागिता तथा योगदानलाई प्रोत्साहित गरिनेछ ।

१२.९  गाउँपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा सञ्चालन हुने एम्बुलेन्स एवं शव बाहन सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी सञ्चलन गर्ने व्यवस्था मिलाइनेछ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिनेछ ।

**नीति १३. सरकारी तथा निजी क्षेत्रबाट सञ्चलित स्वास्थ्य सेवामा गुणस्तरीयता सूनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।**

१३.१ गाउँपालिका भित्र सबै प्रणालीका उपचार सेवा (एलोपेथिक, आर्युवेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाहरुको लागि नियमावली, मापदण्ड वा निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, सञ्चालन अनुमति दिने तथा कानुन बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१३.२ लक्षित समूह तथा क्षेत्रमा स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न मापदण्डका आधारमा निजी तथा गैरसरकारी संघसंस्था सँग साझेदारी गरिनेछ ।

१३.३ निजी क्षेत्रको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता, प्राविधिक दक्षता एवं वित्तीय स्रोतलाई स्वास्थ्य सेवाको विकास तथा विस्तारमा उपयोग गर्दै, सामाजिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ ।

१३.४  सरकारी, गैरसरकारी तथा नीजि संस्थाले प्रवाह गर्ने सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरिनेछ । सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रतिवेदन नियमित रुपमा स्वास्थ्य संस्था तथा पालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

१३.५ स्वास्थ्यका हालसम्मका उपलब्धि संस्थागत गर्दै लक्ष्य प्राप्तिको लागि  संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्नुका साथै  स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न सार्वजनिक तथा निजी क्षेत्रको साझेदारी र सहभागिताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिनेछ ।

**नीति १४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहान, प्रवर्धन र ब्यवस्थापन गरी गाउँपालिकाबासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

१४.१ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय र बजार क्षेत्रको फोहोरको उचित व्यवस्थापन गरिनेछ । खुला दिशामुक्त गाउँपालिकालाई सुनिश्चितता तथा पूर्णसरसफाई उन्मुख हुदै पूर्णसरसफाई युक्त गाउँपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१४.२ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सम्बद्ध सरोकारवालाहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

१४.३ गाउँपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वातावरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी आवश्यक कानुन बनाई कार्यान्वयन तथा नियमन गरिनेछ ।

१४.४ सर्वव्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला सङ्कलन, फोहोर मैलाको प्रकृति अनुसार वर्गिकरण गरी छुट्याउने र विर्सजनको व्यवस्था गरिनेछ ।

१४.५ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी कार्यक्षेत्रमा हुनसक्ने विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ ।

१४.६ किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औद्योगिक रसायनको समुचित प्रयोग तथा विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

**नीति १५ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तीय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ ।**

१५.१ गाउँपालिकाको कुल बजेटको न्यूनतम १० % रकम स्वास्थ्य क्षेत्रमा विनियोजन गरिनेछ । साथै आवश्कता अनुसार वृद्धि गर्दै लगिनेछ ।

१५.२ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग र उपभोग गर्न सक्ने वातावारणको सिर्जना गर्न आवश्यक साझेदारी गरिनेछ ।

१५.३ बालविवाह न्यूनीकरण र यससँग सम्बन्धित सचेतना अभिवृद्धि गर्दै महिनावारी भएको बेला छात्राहरुको विद्यालय उपस्थितिमा निरन्तरता दिन निःशुल्क स्तरिय सेनेटरी प्याड बितरणलाई प्रभावकारी बनाइनेछ ।

१५.४ लैङ्गिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय सडक मानव व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा गाउँ/गाउँपालिका पुनःस्थापना केन्द्र स्थापना एवं संचालन तथा त्यस प्रकारका ब्यक्तिहरूको अन्य निकायको सहकार्यमा ब्यवस्थापन गरिनेछ ।

१५.५ आवस्यकता अनुसार विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**नीति १६ गाउँपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्धक, पौष्टिक र रैथाने (स्थानीय स्तरमा उत्पादन हुने) खाद्य पदार्थ उत्पादन, उपभोग र पहुँचलाई वृद्धि गरिनेछ ।**

१६.१ सम्बन्धित सरोकार वालासँग समन्वय र सहकार्य गरी, खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्न विद्यालय तथा अन्य क्षेत्रमा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा सञ्चालन र नियमन गरिनेछ ।

१६.२ स्थानीय स्तरमा उत्पादन हुने खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई वृद्धि गर्न बहुक्षेत्रीय सहकार्यलाई जोड दिई पोषण संवेदनशील कृषि कार्यलाई व्यवस्थित तरिकाले बढवा दिइदै लगिनेछ । साथै प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.३ पोषणयुक्त बाल पौष्टिक आहार, पोषणयुक्त दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उपभोगका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तरका लागि नियमन तथा सहजीकरण गरिनेछ ।

१६.४ वडा समितिहरुसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागि प्रोत्साहन गरिनेछ ।

१६.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रमलाई विस्तार, परिमार्जन एवं प्रभावकारी बनाइनेछ । आवश्यकता अनुसार निजी तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा पोषण पुनःस्थापना केन्द्र स्थापना गर्न सकिनेछ ।

१६.६ खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिनेछ । साथै स्वस्थ दुग्ध तथा मासु जन्य खाद्य पदार्थ उत्पादन तथा बिक्री बितरणको लागि निगरानी तथा प्रवर्धन गरिने छ ।

**नीति.१७ आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुष्त बनाउन आवस्यक कदम चालिनेछ ।**

१७.१ स्थानीय स्वास्थ्य संस्थाबाट विरामीहरुलाई प्रेषण गर्दा प्रेषण केन्द्रहरुसँग आवश्यक समन्वय स्थापित गरिनेछ ।

१७.२ सुत्केरी महिलाका लागि आइपर्ने जटिलता व्यवस्थापनको लागि तोकिए बमोजिम प्रेषण यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितीकरणमा परेका समूह वा स्थानीय तहले तोके बमोजिमका व्यक्तिहरुलाई दीर्घ तथा सिकिस्त रोगहरुको तोके बमोजिम उपचार सहायता उपलब्ध गराइनेछ ।

१७.३ प्रेषणकालागि गाउँपालिकाभित्र सञ्चालन हुने एम्बुलेन्स वा अन्य द्रुत गतिका यातायातका साधनहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

१७.४ स्वास्थ्यकर्मीहरुद्वारा प्रदान गरिने २४ सै घण्टा आकस्मिक सेवा तथा प्रेषण सेवालाई दुर्त र सहज बनाउन प्रसूति केन्द्रमा कार्यरत नर्सिङ् स्टाफहरुलाई गुणस्तरीय आवासको साथै आवश्यक सञ्चार खर्चको व्यवस्था मिलाइनेछ ।

१७.५ सवै स्वास्थ्य संस्थाहरुमा यातायातको पहुँचको लागि मोटरवाटोको व्यवस्था सुनिश्चितता गरिनेछ ।

**८. संस्थागत संरचना**

८.१. नीति कार्यान्वयनका लागि सरूमारानी गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहने छन् भने स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न स्वास्थ्य संस्थाहरु हुनेछन् । त्यसैगरी

आधारभूत लगायत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा आधारभूत अस्पताल स्थापना गरिनेछ ।

८.२ मानव संशाधन उत्पादन तथा विकासका लागि प्रदेश सरकार, जिल्ला स्थित स्वास्थ्य कार्यालय, प्रदेश लोकसेवा आयोग, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने तथा क्षमता अभिवृद्धि गराउने निकायहरुसँग समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार स्वास्थ्यका अन्य इकाईहरु स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिनेछ ।

**९.आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः सरूमारानी गाउँपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अघि ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

**१०.अनुगमन र मूल्याङ्कन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ ।

**११. नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि सरूमारानी गाउँपालिकाले आवश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानुन, नियमावली, निर्देशिका तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताहरुलाई मनन गरी गाउँपालिकाले यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउनेछ । यही कार्यायोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ । वार्षिक योजना तथा मध्यकालीन खर्च संरचनाको आधारमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

**१२.जोखिम**

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, गाउँपालिका संस्थागत विकासको चरणमा रहेको, सिमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापित

गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन् । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्दै सरूमारानी गाउँपालिकाको स्वास्थ्य नीति २०८० को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्यूनीकरण गरिने छ ।

**१३. बचाउ र खारेजीः**

हालसम्म स्थानीय तहमा स्वास्थ्य सम्बन्धि भए गरेका कामहरु यसै नीति अनुसार भएको मानिनेछ ।

प्रमाणिकरण मितिः २०८०।०३।११

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष